# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

### २०७७/११/१०

### सातौं अधिवेशन

### (तेश्रो बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको तेश्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा माननीय प्रदेश प्रमुखबाट जारी भएको **"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** मिति २०७७/१०/२५ गते प्रदेश सभा सचिवालयमा दर्ता भएको व्यहोरा जानकारी गराउछु ।

**माननीय सदस्यहरु,**

अब, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** प्रदेश सभामा पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट तयार भइ प्रदेश सभाबाट स्वीकृत भए पश्चात कार्यान्वयनमा आएको सुदूरपश्चिम प्रदेश बातावरण संरक्षण ऐन, २०७५ मा रहेका केही प्रावधानहरु थपघट गर्नु पर्ने आवश्यकता महसुस भएको तथा संघबाट जारी भएको बातावरण संरक्षण ऐन, २०७६ सँग बाझिएका केही प्रावधानहरु संशोधन गरी संघीय ऐन अनुकुल परिमार्जन गरी लागु गर्नु पर्ने भएकोले प्रदेश सभाको अधिवेशन समेत तत्काल चालु नरहेको अवस्थामा प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारीसमा माननीय प्रदेश प्रमुखबाट जारी भएको **"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** लाई सभामा पेश गर्न माननीय सभामुखज्यूबाट अनुमति प्राप्त भएकोले नेपालको संविधानको धारा २०२ को उपधारा २ को खण्ड(क) र सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४, को नियम ९४ को उपनियम (१) बमोजिम **"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** सभा समक्ष पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब," **सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**"माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**"माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली ,२०७४ को नियम ज्ञण७को उपनियम (१) बमोजिम विधेयक माथि सामान्य छलफल गरियोस् भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

अब म **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय बलदेव रेग्मी लाई समय दिन्छु

**माननीय बलदेव रेग्मी** :- माननीय सभामुख महोदय, सर्व प्रथम सातौ अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु । **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**सम्बन्धित मन्त्रालयले समयमा यो विधेयक ल्याएर सुदूरपश्चिममा पशु स्वास्थ्य र पसु सेवा सम्बन्धी काममा मार्ग प्रसस्त गर्न महत्वपूर्ण योगदान गरेकोमा म सम्बन्धीत मन्त्रालयलाई हार्दिक धन्यवाद दिन चाहान्छु । विशेष गरेर हाम्रो देश कृषि प्रदान देश त्यसैमा पनि पशु पालन हाम्रो यस प्रदेशका लागि महत्वपूर्ण व्यवसाय भएका कारणले पनि हामीले नाङ्गा डाडाहरुमा भेडा पालनका व्यवसायलाई र कुनै सामान्य स्रोत भएकाले भेडा पालन, गाई पालन, भैसि पालन लगायतका पशुहरु हामीले यो ठाउँको अवस्था अनुसार यहाको कृषकहरुलाई पाल्ने र त्यसमा सेवा सुविधा सरकारको तर्फबाट के सेवा सुविधा दिन सकिन्छ त्यसका सन्दर्भमा पनि विधेयक ल्याउन आवश्यक छ । व्यवसाय गर्नका लागि पनि यो विधेयक आउन आवश्यक छ । त्यसै गरेर यो जाँच चौकी जो पशुहरुलाई एक ठाउँबाट अर्को ठाउँ लिदा पशु सम्बन्धी संयन्त्रहरु, उपकरणहरुलाई एक ठाउँबाट अर्को ठाउँमा पैठारी निकासी गर्दा पनि कानूनको आवश्यक भएका कारणले पनि यो विधेयक अति आवश्यक छ । त्यस्तै यसले पशुको नस्ल सुधार पशुको विभिन्न पशुमा हुने रोगहरु नियन्त्रणका लागि विभिन्न स्वास्थ्य संस्थाहरु स्थापित गर्ने सन्दर्भमा पशु स्वास्थ्यका लागि, पशु विमाका लागि धेरै कुराका लागि यो विधेयक अति आवश्यक छ र यो किशानका लागि महत्वपूर्ण विधेयक भएका कारणले पनि यो विधेयक सदनमा र सम्बन्धीत विषयगत समितिमा व्यापक छलफल गरेर पारित गरियोस भन्ने मेरो भनाई राख्दै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय श्यामलाल राना थारु** :- माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकारका कृषि मन्त्री कृषि मन्त्रालयको तर्फबाट जुन **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**प्रस्तुत भएको छ सदनमा यो अत्यन्त महत्वपूर्ण र स्वागतयोग्य विधेयक हो यस कारणले पनि केही यो मानव स्वास्थ्य सँग पनि यसको संलग्नता छ । प्रत्यक्ष रुपमा हामी पशुजन्य उत्पादनबाट चाहे त्यो दुधजन्य पदार्थ होस चाहे त्यो मासुजन्य पदार्थ होस यो हामीले आहारको रुपमा ग्रहण गरेका छौ । त्यस कारणले मानव स्वास्थ्यका लागि पनि यसले महत्वपूर्ण स्थान राख्दछ र हामीले हुन त अहिले सम्मको मौजुदा अवस्था अनुसार पनि भेटनरीका व्यवस्थाहरु छन् तर अझै पनि यसलाई विकेन्द्रीत हिसाबले स्थानीय तह सम्म पनि हामीले यसलाई बलियो रुपमा, व्यवस्थित रुपमा हामीले सञ्चालन गर्न सकियो भने त्यसले अवश्य पनि राम्रो प्रतिफल दिन सक्छ । किन भने पशु पालन व्यवसाय हाम्रो कृषि प्रदान देश भएको हुनाले कृषिको अभिन्न अंग पनि हो र यसमा जोखिम पनि धेरै छ त्यस कारणले जोखिमलाई पनि यसले हटाउने तिर लैजाने छ । जुन जोखिमका कारणले पशु पालन व्यवसाय अहिले सम्म धेरै व्यवस्थित र विस्तारित हुन नसकेको अवस्था छ यसले यो विधेयकले पशु पालन व्यवसायलाई पनि विस्तार गर्न मद्दत पुर्याउने छ र साथ साथै बातावरण सन्तुलनमा पनि यसको महत्वपूर्ण योगदान रहने छ किन भने यसको पशुजन्य जति पनि हामी पशु पालन गर्छौं हाम्रो कृषि अहिले एकदम रसायनिक र किटनासक औषधीले भरीपूर्ण छ हामी यस कारणले पनि स्वास्थ्य रहनका लागि अर्गानिक कृषि र कृषिमा गोबर यसको मलमुत्र आदीले गर्दा खेरिमा हाम्रो कृषि हिजोको

जस्तो जुन विगतमा भएका धेरै बर्ष पहिले यो रसायनका कुराहरु थिएनन त्यतिबेलाको खाना र अहिलेको खानामा धेरै परिवर्तन छ त्यस कारणले यसले हाम्रो कृषिलाई पनि खेतिवालीलाई पनि यसले राम्रो बनाउने छ र यो जस्तै आयुर्वेदिक औषधीहरु अधिकांश गौमुत्रले मिसाएर बनाउने चलन छ भने जुन एलोपेथिक औषधीहरु छन् त्यो रसायनिक मिलाएर बनाउछन त्यस कारणले अहिले हेर्दा खेरी के देखिन्छ भने एउटा हाम्रो मुलुकमा यो पशु चौपायहरु पाल्ने प्रवृति जुन छ त्यो घट्दै गैराखेको छ र यसले यो विधेयकले व्यवसायिक रुपमा पनि र अन्य हिसाबले पनि नीजि हिसाबले पनि यसले पशु पालनका लागि एउटा प्रोत्साहन मिल्ने छ र अर्थ तन्त्रलाई र जनताको जुन आर्थिक अवस्था छ त्यसलाई पनि बलियो बनाउनेतिर लैजाने छ र खास गरेर हामी जुन आयात गर्ने जुन चाहे त्यो दुग्दजन्य पदार्थ होस चाहे मासुजन्य पदार्थ होस जुन विना चेकजाँच विना स्वास्थ्य परीक्षणका कुराहरु हामी खाइराखेका छौ त्यसले विस्तारै यो कुरालई हटाउदै लैजाने छ । यस कारणले यो विधेयक हाम्रो एकदम मानवस्वाथ्य सँग प्रत्यक्ष सम्बन्ध भएको हुनाले यो विधेयकको महत्वपूर्ण भूमिका रहेको छ त्यस कारणले यो मुलुकको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको यो कृषि पशुपालन क्षेत्रलाई व्यवस्थित र विकसित तुल्याउनको लागि पशु स्वास्थ्य जस्ता कुराहरुमा यसले सुनिश्चिततातिर लैजाने छ । जोखिमहरु विस्तारै घट्ने छ त्यस कारणले यो विधेयक एकदम महत्वपूर्ण कुरा हो यो एकदम महत्वपूर्ण छ अझ यसलाई दफावार छलफल गर्न आवश्यक छ विषयगत समितिमा पठाईयोस भन्ने सुझावका साथ आफ्नो मनतव्य यही राख्न चाहान्छु धन्यवाद ।

**माननीय मालामति राना थारु** :- माननीय सभामुख महोदय, **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथि आज हामी सैद्धान्तिक छलफल गरिराखेका छौ बास्तवमा पशु व्यवसाय गर्दा हाम्रो चाहि देशमा धेरै रहायनिक विषादीहरुको अन्त हुने थियो तर हामी पशु पालन त गर्छौं व्यवसाय रुपमा हाम्रो देशमा चाहि अहिले चाहि खासै नभएको अवस्था छ । त्यस कारण हाम्रो सुदूरपश्चिम प्रदेशमा त झनै व्यवसायिक रुपमा पशुपालन चाहे भैसी होस चाहे रागा होस चाहे बाख्रा बंगुर जुनसुकै पनि सुदूरपश्चिम प्रदेशले हाम्रो कृषि मन्त्रालयले यसमा एकदमै जोडदिनु पर्छ किन भने कृषि प्रधान देश त्यसमा पनि सुदूरपश्चिम झनै कृषिप्रधान प्रदेश भएको हुनाले र मुलुकको अर्थतन्त्रको महत्वपूर्ण ओगटेको पशु स्वास्थ्य पसु सेवा पशु पालन व्यवसायलाई व्यवस्थित यो महत्वपूर्ण विधेयकलाई हामीले कार्यान्वयन गर्न सक्यौ भने सुदूरपश्चिम प्रदेशको अर्थतन्त्रले राम्रो स्थान ओगट्ने थियो भन्ने मलाई लागेको छ र चाहि अहिलेको समयमा रैथाने पशु जुन रैथाने पशु चौपायहरु लोप हुदै गैरहेको अवस्था छ । यो विधेयकले रैथाने पशु चौपायहरुलाई व्यवसायको रुपमा संरक्षण गर्ने छ भन्ने एकदमै महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने मलाई लागेको छ र हामी नेपालीहरुले गाईलाइ गौमाता मानेर हामी पुजा पनि गर्छौं गोबर पनि त्यसमा काम लाग्छ हाम्रो पुजामा र हामी राष्ट्रिय जनावर भनेर पनि मान्यता दिएका छौ गाईलाई तरचाहि गौहत्या चाहि हामीले थुप्रै सुनिरहेका छौ । गौहत्या भैरहेको छ त्यस कारण गौहत्या पशुको मासु ओसार पसार कानूनी रुपले पूर्ण प्रतिबन्ध र कानूनी सजायको व्यवस्था गर्नु पर्छ यो विधेयकले र उन्नत जातका पशु चौपाय विक्रि वितरण निकासि छाडा चौपाय बन्दो बस्तका लागि कान्जि हाउस स्थान तोकि व्यवस्थापन कानूनी रुपले मुर्त रुप दिन

सकिन्छ यो विधेयकले र पशु पालन व्यवसाय रुपमाले गर्नको लागि सरकारले सहज रुपले किसानहरुलाई ऋणको व्यवस्था गरियोस धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु।

माननीय सभामुख महोदय, यो विधेयक माथि सामान्य छलफलमा भाग लिनु भएका माननीयहरुलाई सर्वप्रथम त म धन्यवाद दिन चाहान्छु । र यो मुलुकको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको जुन पशु पंक्षि व्यवसाय र त्यसमा पनि हाम्रो सुदूरपश्चिम प्रदेशमा पशु पालनको लागि धेरै सम्भावना रहेको प्रदेश र त्यो अनुसार नै हामीले अब यो पशु पंक्षी व्यवसायलाई व्यवस्थित गरेर प्रत्यक्ष किशानलाई सहयोग पुग्ने गरी थुप्रै जो कानूनको जटिलता छ त्यसलाई सजिलो तरिकाले सहज रुपमा एउटा व्यवसाय गर्न सकुन भन्ने मानसिकताका साथ यो कानूनहरु बनेको छ र यो विधेयक माथि जुन माननीयज्यूहरुले थुप्रै महत्वपूर्ण सुझावहरु दिनु भएको छ र यो मलाई लाग्छ बुदागत रुपमा विधेयकमा थुप्रै बुदाहरु र आएका विषयहरु समेटिएको छ र अझै यसलाई हामीले समेट्नु पर्ने विषयहरु छलफल गरेर त्यसमा समेटिने नै छ र जो हामीले अहिले सम्म देखिराखेका छौ थुप्रै हाम्रो प्रदेशमा थुप्रै खुला नाकाहरु छ र जो बाहिरबाट आइराखेका पशुपंक्षिहरु हाम्रो छुट्टै प्रदेशको कानून नभएर जो जाँच गर्न सकेका छैनौ त्यो अनुसार नै जस्तै मानौ हामीले थुप्रै ठाउँ ठाउँमा पशु पंक्षि जन्य मासु पसलहरु असुरक्षित विक्रि वितरण भैरखेको छ त्यसमा पनि हाम्रा थुप्रै स्वास्थ्य सम्बन्धी मानीसमा नै एउटा समस्या देखिएको त्यही भएर कम्तीमा मासुलाई पनि स्वास्थ्य रुपमा लग्नु पर्छ र त्यसको लागि छुट्टै कानूनको व्यवस्था गरेर जानु पर्छ भनेर त्यसमा कुराहरु उठेको छ मलाई लाग्छ यसमा त्यो समेटिएको छ र अझै छुटेका विषयहरु समेट्ने छौ । अर्को जस्तै मानौ हाम्रो प्रदेशमा भएका थुप्रै जुन अहिले सम्म गैराखेका पशुपंक्षिहरु हामीले जुन निकासि पैठारि लगायत थुप्रै जुन छ त्यो कहा गैराखेको छ कस्तो अवस्थामा गैराखेको छ एउटा कानून नभएको हुनाले हामीले कुन उसमा टेकेर त्यसलाई रोक्ने लगायत त्यसलाई कसरी व्यवस्थित गर्न सकिने भन्ने उसमा यो जुन कानून नभएको हुनाले समस्या थुप्रै हाम्रा ठाउँबाट पनि बाहिर गैरखेको र बाहिरबाट पनि आइराखेको त्यो एकिन डाटा नभएको हुनाले हाम्रा प्रदेशमा पशुपंक्षि व्यवसाय उत्पादन गरेर कति बाहिर गैराखेको छ । हामीलाई जुन पुर्ति हुने आवश्यकता अनुसार उत्पादन हुदा हुदै पनि फेरी पनि बाहिरबाट आइराखेको छ त्यो भएको हुनाले हामीले निकासि पैठारीमा पनि कम्तिमा जोड दिनु पर्छ र यसलाई छिटो भन्दा छिटो प्रदेशमा कानून बनाएर लागु गर्नु पर्छ भनेर गरेका छौ र गर्ने नै छ । अर्को जस्तै हाम्रो प्रदेशमा थुप्रै

रैथाने बालिहरु, पशुपंक्षिहरु हामी जस्तै नौमुठे गाइ भन्छौ त्यस पछि गद्दी भैसी भन्छौ त्यो लगायत थुप्रै हाम्रा जुन रैथाने पशुपंक्षिहरु लोप हुदै गैराखेका छन् त्यसलाई पनि संरक्षण गर्नु पर्छ र व्यवसायिक रुपमा लग्नु पर्छ भनेर यो विधेयकमा नै हामीले राखिएका छौ र थुप्रै हाम्रा जुन पशुपंक्षिहरु जुन हामीले अन्य ठाउँमा लग्न सक्छौ । उद्योगमा पनि जस्तै छाला उद्योग थुप्रै बनाउन सक्छौ र त्यसलाई पनि कानूनले छेकेको छ र त्यो अनुसार जस्तै हामीले कान्जी हाउस बनाएर त्यो अनुसार मल सँग पनि जोडेर जान सकिन्छ भनेर सबै बुदाहरु समेटिएको छ र फेरी पनि हाम्रो छलफलमा भाग लिनुहुने माननीयहरुले महत्वपूर्ण सुझाव दिनु भएको छ त्यो सुझावलाई हामी एकदमै छलफल हुने बेला समेटिने छ र त्यो अनुसार किशानहरुलाई प्रत्यक्ष लाभ हुने गरी व्यवसाय रुपमा गरिराखेका जुन पशुपालन किशानहरु हुन उहाहरुलाई प्रत्यक्ष लाभ हुने गरी हामीले कानून निर्माण गरेर प्रदेशमा लागु गर्ने छौ । अर्को जस्तै मानौ यो किशानहरुको लागि प्रदेश सरकारले सहुलियत ऋणको व्यवस्था गर्नु पर्छ भनेर हामीले लागु पनि गरिसकेका छौ र यसलाई थप ठुलो स्केलमा कसरी गर्न सकिन्छ त्यसलाई पनि हामी जोड दिने छौ फेरी पनि अन्तिममा म जो सुझव आएको छ त्यसलाई र दफावार छलफल हुने छ र यो छलफलमा छुटेका विषयबस्तुलाई समेटेर सुदूरपश्चिमका किशानहरुका हितमा यो कानून निर्माण गरेर हामी लागु गर्ने छौ भन्ने करा राख्छु हवस धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, भूमि व्यवस्थाकृषि तथा सहकारी , मन्त्री माननीय विनिता देवी चौधरीलाई**" सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**लाई दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम सामाजिक विकास समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम **सुदूरपश्चिप्र देशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक** लाई दफावार छलफलको लागि सामाजिक विकास समितिमा पठाईयोस् भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, भूमि व्यवस्थाकृषि तथा सहकारी , मन्त्री माननीय विनिता देवी चौधरीले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था**

**गर्न बनेको विधेयक"**लाई दफावार छलफलको लागि सामाजिक विकास समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति  साल फाल्गुन १२ गते बुधबार दिउँसो ०१ ::बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।

"